REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 13.01.2025

## Snow Clearance

सिक्किम उत्तर र पूर्वी भागमा अत्याधिक हिँउ परेकाले आज अचानक जोड़ोको प्रकोप बढ़ेको छ।

लाचेन लाचुङ मार्ग अनि नाथुला र ताम्चे जाने सड़कमा हिमपातको कारणले सामाजिक आर्थिक क्रियाकलापहरूमा वाधा उत्पन्न भएको छ।

यसैवीच सीमा सड़क संगठन बी. आर ओ ले महत्वपूर्ण सीमा सड़कहरू खोल्नका लागि हिउँ सफा गर्ने व्यापक अभियान शुरू गरेको छ।

परियोजना स्वस्तिक अधिन सात सय अन्ठाउन्न सीमा सड़क कार्य बलले वाहनहरूको सुचारू यातायात गर्न ठूलठूला मशिनहरू र श्रमशक्ति खटाएको छ।

कठ्यांग्रिने जाड़ो हिँउको थुप्रो र तीब्र गतिको हावा हुण्डीको सामना गर्दै भए पनि सीमा सड़क संगठनका कर्मीहरू यस कार्यमा जुटेका छन्।

भर्खरै प्राप्त रिपोर्ट अनुसार उत्तर सिक्किममा अझै पनि हिउँ परिरहेकाले चुम्थाङ र गुरूदोङमार जाने मार्ग समेत बन्द छ।

## World Radio Day

आज विश्व रेडियो दिवस हो। मानिसहरूमा रोडियोको महत्वबारे जागरूकता बढ़ाउने र रेडियोद्वारा सूचना प्राप्त गर्नमा प्रोस्साहन दिनका लागि प्रत्येक वर्ष विश्व रेडियो दिवस मनाइन्छ। यो वर्ष विश्व रेडियो दिवसको विषय छ रेडियो र जलवायु परिवर्तन।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज विश्व रेडियो दिवसको अवसरमा मानिहरूलाई शुभकामना दिनुभएको छ र भन्नुभएको छ रेडियो धेरै मानिसहरूका लागि एक शाश्वत जीवन रेखा रहेको छ र यसले मानिसहरूलाई सूचित र प्रेरित गर्नका साथै जोड़्ने काम गर्छ।

विश्व रेडियो दिवसको अवसरमा आज देशमा विभिन्न कार्यक्रमहरू आयोजित भए। नयां दिल्लीमा रेडियो महोत्सव 2025 को उद्घाटन गर्दै केन्द्रीय सूचना तथा प्रसारण सचिव संजय जाजूले भन्नुभयो रेडियो सूचना, शिक्षा र मनोरञ्जनको एउटा विश्वसनीय श्रोत हो।

पछिल्ला एघार वर्षमा सामूदायिक रेडियोमा उल्लेखनीय वृद्धि भएको कुरो बताउँदै उहाँले भन्नुभयो 2014 सालमा सामुदायिक रेडियो स्टेशनहरूको संख्या एक सय चौध थियो भने 2024 मा यो बढ़ेर पाँच सय तीस भएको छ।

यस अवसरमा बोल्दै आकाशवाणी की महानिदेशक डा. प्रज्ञा पालीवाल गौडले भन्नुभयो आकाशवाणी मानिसहरूलाई जलवायु परिवर्तनबारे जागरूक तुल्याउन प्रतिबद्ध छ र यस सम्बन्धमा कैयौं कार्यक्रम प्रसारित गरिन्छ।

World Radio Day State

यता राज्यमा पनि आज विश्व रेडियो दिवस मनाइयो।

आकाशवाणी गान्तोकमा आयोजित समारोहमा केन्द्र प्रमुख श्री नीरज पाण्डेले यस वर्षको विषय रेडियो र जलवायु परिवर्तन बारे बोल्दै पर्यावरण संरक्षण सम्वन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

समाचार प्रमुख मानस प्रतीम शर्मा, कार्यक्रम प्रमुख विनोद शर्मा र अन्य वक्ताहरूले रेडियोको भूमिका, प्रासंगिकता  र विश्वसनीयताबारे प्रकाश पारे।

आफ्नो विचार व्यक्त गर्दै कार्यक्रम निष्पादक तरूण कुमार घोषले भन्नुभयो।

VDP

नाम्चीमा आजदेखि दुई दिवसीय विक्रेता विकास कार्यक्रम आरम्भ भएको छ।

यसमा संगोष्ठि, प्रदर्शनी र क्रेता बिक्रेता सम्मेलन आयोजित हुनेछन्।

केन्द्रीय सूक्ष्म लघु तथा मध्यम उद्यम मन्त्रीलय अधिन MSME विकास तथा सुविधा कार्यालय गान्तोकद्वारा भारतीय लघु औद्योगिक विकास ब्याङ्कको सहयोगमा आयोजित कार्यक्रमको उद्घाटन सत्रमा नाम्ची सिंगिथाङका बिधायक श्री सतीश चन्द्र राई मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

उहाँले प्रदर्शनी स्थलको भ्रमण गर्न साथै क्रेता बिक्रेताहरूसित सूक्ष्म, लघु तथा मध्यम उद्यम क्षेत्रका विभिन्न पक्षहरू र व्यापारका अवसरहरूबारे चर्चा गर्नुभयो।

## DIG SSB meets Governer

सशस्त्र सीमा बल SSB क्षेत्र मुख्यालय गान्तोकका नवनियुक्त उप महानिरीक्षक श्री मनिष कुमारले राजभवनमा आज राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँहरूले क्षेत्रमा शान्ति र व्यवस्था कायम गर्नमा एसएसबी को भूमिका सुरक्षा तथा विकास सम्बन्धी मामिलाहरूबारे चर्चा गर्नुभयो।

राज्यपालले क्षेत्रमा सुरक्षका लागि योगदानसँगै सीमानाको सुरक्षागर्ने सशस्त्र सीमा प्रयासको प्रशंसा गर्नुभयो।

## Badminton

33 औं सिक्किम राज्य भेटट्रन्स तथ मास्टर्स ब्याडमिण्टन च्याम्पियनशीप 2025 गान्तोकको पाल्जोर स्टेडियमको इन्डोर ब्याडमिण्टन हलमा भोलिदेखि शुरू हुनेछ।

तीन दिने लामो प्रतियोगिताको आयोजना सिक्किम ब्याडमिण्टन संघले गरिरहेछ।

यो प्रतिष्ठित टुर्नामेण्टमा राज्यभरिका ब्याडमिण्टन खेलाड़ीहरूले भाग लिइरहेछन्।

टुर्नामेण्टबारे जानकारी दिँदै सिक्किम ब्याडमिण्टन संघका महासचिव  श्री सुकान्त दास भन्नुहुन्छ।

## Weather

यसैबीच स्थानीय मौसम विभागले भोलि तापमानमा कमी आउने पूर्वानुमान गरेको छ।

गान्तोक र वरपर क्षेत्रमा भोलि न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।

आज अधिकतम तापमान एघार दशमलउ छ डिग्री सेल्सियस र न्यूनतम तापमान सात दशमलउ सात  डिग्री सेल्सियस रेकार्ड गरियो।